# प्रथम अध्यक्ष कप

# भलिबल एवम सांगीतिक प्रतियोगिता-२०७६

## काठेखोला गाउँपालिका, बागलुङ

*(१५-१८ माघ २०७६, धम्जा, देउराली)*

*पृष्ठभुमी :*

प्रकृतिको अनुपम उपहार, लालीगुराँसको भब्य सुन्दरता, बिधिध जातजाति र सांस्कृतिक बिभिधताले भरिपुर्ण एउटा सुन्दर र रमणीय गाउँपालिका हो काठेखोला गाउँपालिका । मानव निर्मित प्रकृति जस्तै लाग्ने यहाँका पौराणीक संस्कृतिहरु साँच्चिकै सुन्दर र लोभलाग्दा साँस्कृतिक सम्पत्तिहरु हुन । सिंगो गाउँको पहिचान बोकेका यहाँका सांस्कृतिक सम्पदाहरु समग्र गाउँपालिकाका परिचयहरु हुन । यानिमाया, सोरठी, झ्याउरे र सालैजो जस्ता मौलिक र पुराना भाकाहरु यहाँका वनपाखामा गुञ्जिने गीत संगीतहरु हुन । घोडाबाँधे, गाजा दह,  थाप्ले, तिनचुले शिवधुरी, झुलेनी, मोथे, कान्छो धौलागिरि, खोरताल, बसन्ताप, देउराली जस्ता सुन्दर पर्यटकिय ठाउँहरु प्रकृतिका बरदान प्राप्त उपहारहरु हुन । रामकोट शिवालय मन्दिर, रेशको सत्यवति, र लेखानीको शिवालय लगायतका मठमन्दिरहरु धार्मीक आस्थाका स्तम्भहरु हुन । सतुवा, शिकारी लहरा, पहेंले, पाँचऔले, चीराइतोहरु यहाँ पाइने जडीबुटीहरु हुन । आन्तरिक तथा बिदेशी पर्यटकहरुको स्वागतार्थ प्रतिक्षारत होमस्टेहरु पाहुनाहरुका आफ्नै घरहरु हुन । क्षितिज पारि देखिने मधुर मुस्कानरुपी सेता हिमश्रृखलाहरु साँच्चिकै मनमोहक दृश्यहरु हुन । समग्रमा प्राकृतिक सुन्दरता र साँस्कृतिक विविधताले भरिपुर्ण गोधुली साँझमा पनि बिहानी मिरमिरेको आभाष हुने सुन्दर र रमणीय गाउँपालिका हो काठेखोला ।

सभ्य र विकसित समाज निर्माणमा भौतिक विकासको जति महत्व छ कला, साहित्य संगीत र सांस्कृतिक पक्षको पनि उत्तिकै महत्वपुर्ण भुमिका रहदै आएको छ । कला समाजको गहना हो, संगीत उसको परिचय हो भने संस्कृति समाजको पहिचान हो । त्यसो त खेलकुद क्षेत्र पनि सिंगो राष्ट्रको समग्र परिचय हो । स्वस्थ, सभ्य र अनुशासित नागरिक र समाजको निर्माण गर्न खेलकुद क्षेत्रलाई पहिलो आधारको रुपमा लिईन्छ । राष्ट्रको प्रतिष्ठा र पहिचान झल्काउन खेलकुद क्षेत्रको निकै नै महत्वपुर्ण भुमिका हुन्छ । साहश र सिर्जनशिलताले भरिपुर्ण युवाहरुलाई खेलकुद क्षेत्रबाट स्वस्थ, सभ्य र अनुशासित नागरिक बनाउदै उनीहरुलाई राजनैतिक, आर्थिक, सांस्कृतिक र सामाजिक रुपान्तरणमा समावेश गर्नु हामी सबैको कर्तब्य हुन आउछ । कला, साहित्य, संगीत र खेलकुदको माध्यमबाट शारिरिक, मानसिक, बौद्धिक, संवेगात्मक र नैतिकवान मानव संसाधनको विकास गरि अनुशासित र मर्यादित समाजको निर्माण गर्दै शिक्षित, सक्षम, समुन्नत, विकसित र आत्मनिर्भर सहितको समृद्ध काठेखोला गाउँपालिका निर्माण गर्ने अभियान अन्तरगत हामीले पहिलो पटक *प्रथम अध्यक्षकप भलिवल एवम सांगितिक प्रतियोगिता-२०७६* को आयोजना गरिएको हो ।

अब म प्रथम अध्यक्षकप भलिवल एवम सांगितिक प्रतियोगिता-२०७६ सम्बन्धी केही संक्षिप्त जानाकारी दिने अनुमति चाहन्छु ।

**कार्यक्रमको नाम** :

प्रथम अध्यक्षकप भलिवल एवम सांगितिक प्रतियोगिता-२०७६

**आयोजक** :

काठेखोला गाउँपालिकाको कार्यालय, बिहुँ, बागलुङ

**संयोजन** :

कला संस्कृति तथा खेलकुद विकास समिति, काठेखोला बागलुङ

**कार्यक्रम सञ्चालन हुने स्थान** :

काठेखोला गाउँपालिका वडा नं.- ३ धम्जा देउराली, बागलुङ

**कार्यक्रम सञ्चालन हुने मिति** :

२०७६ माघ १५ गते देखि १८ गते सम्म ।

**कार्यक्रमको नारा** :

*"कला, संस्कृति, साहित्य, आन्तरिक पर्यटन प्रर्वद्धन र खेलकुद विकास हामी सबैको चाहना ।*
*शिक्षित, समुन्नत, विकसित र आत्मर्निभर सहितको समृद्ध काठेखोला हाम्रो परिकल्पना ॥"*

**कार्यक्रमहरू** :

- *प्रथम अध्यक्ष कप पुरुष भलिवल प्रतियोगिता*
- *प्रथम काठेखोला लोक तारा-२०७६ (गायन प्रतियोगिता)*
- *प्रथम काठेखोला गजल तारा-२०७६ (गजल प्रतियोगिता)*
- *काठेखोला स्तरिय सोरठी नाँच प्रतियोगिता-२०७६*
- *विद्यालय स्तरिय बक्तृत्वकला प्रतियोगिता-२०७६*
- *जनप्रतिनिधि र कर्मचारी/संयोजन समिति विच मैत्रिपुर्ण भलिवल खेल*

**कार्यक्रमको उदेश्य** :

- खेलकुद, कला साहित्य र संगीतको माध्यमबाट सभ्य संस्कृतियुक्त शिक्षित, सक्षम, समुन्नत, बिकसित, आत्मनिरभरता सहितको समृद्ध काठेखोला निर्माण गर्ने ।
- गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार एवम प्रवर्द्धन गर्ने ।
- खेलकुद एवम कला संगीतको माध्यमबाट यस काठेखोला गाउँपालिकालाई पहिचानयुक्त गाउँपालिकाको रुपमा स्थापित गर्ने ।
- काठेखोला गाउँपालिका क्षेत्र भित्र रहेका कला, साहित्य, संगीत र खेलकुद क्षेत्रका प्रतिभाहरुको संरक्षण, सर्म्बद्धन र प्रवर्द्धन गर्ने ।
- युवाहरुलाई खेलकुद क्षेत्रमा आकर्सित गरि यस गाउँपालिकाको खेलकुद क्षेत्रलाई थप ब्यवस्थित गर्ने ।

- आम युवाहरुलाई खेलकुद तथा कला संगीतको क्षेत्रमा लाग्न प्रोत्साहन गर्ने ।
- लोपोन्मुख स्थानिय कला संस्कृतिको संरक्षण गर्ने ।
- युवाहरुमा एकताको भावना जागृत गरी मित्रता र भातृत्वको सम्बन्ध स्थापित गर्ने ।
- अनुज कलाकारहरुलाई प्रोत्साहन एवम अग्रज कलाकारहरुलाई सम्मान गरि सभ्य र मर्यादित संस्कृतिको थालनी गर्ने ।
- यस गाउँपालिकाको प्रचलित एवम पौराणिक कला, संस्कृतिहरुको संरक्षण, सम्बर्द्धन एवम प्रदर्शन गर्ने ।
- गाउँ समाजमा हुने बिभिन्न मेला पर्व एवम उत्सवहरुलाई ब्यवस्थित गर्ने ।
- प्रायः युवाहरुमा देखिने लागु औषध, दुरब्यसनीको बिरुद्ध युवाहरुमा सचेतना ल्याई खेलकुद तथा कला संगीतमा आवद्ध गराई सचेत र सभ्य नागरिक बनाउने ।
- युवा तथा कला संगीतका प्रतिभाहरुलाई आफ्नो क्षेत्रको विकास उन्नयन संगै समाज विकासको यात्रामा पनि समाहित गर्ने ।
- अश्लिल तथा छाडा संस्कृतिको बिरुद्ध सभ्य र शालिन संस्कृति स्थापना गर्ने ।

**कार्यक्रम सञ्चालन कार्यबिधि** :

- प्रथम अध्यक्ष कप भलिवल एवम सांगितिक प्रतियोगिता-२०७६ काठेखोला गाउँपालिका क्षेत्र भित्र रही सञ्चालन गरिनेछ ।
- कार्यक्रम सफल पार्न गरिने अन्य सहायक कार्यक्रमहरु बाहेक मुख्य कार्यक्रमको समयावधि चार दिनको रहने छ ।
- अध्यक्षकप भलिवल एवम सांगितिक प्रतियोगिता-२०७६ को उद्घाटन काठेखोला गाउँपालिकाका अध्यक्ष ज्युबाट गरिनेछ । भने कार्यक्रमको मुल समारोहलाई नेपाल सरकारको संघिय वा गण्डकी प्रदेश सरकारको माननीय मन्त्री ज्युबाट बिशेष सम्बोधन हुनेछ । भने जिल्ला समन्वय समिति, बागलुङ र बागलुङ जिल्लाका दशवटै स्थानिय तहका प्रमुख एवम उपप्रमुख ज्युहरु, जिल्ला स्थित बिभिन्न राजनैतिक पार्टीका प्रमुखहरु कार्यक्रमका अतिथि हुनुहुनेछ ।
- गण्डकी प्रदेश सरकारले घोषणा गरेको आन्तरिक पर्यटन भ्रमण बर्ष २०२० लाई ऐक्यवद्धता जाहेर गर्दै उक्त भ्रमण बर्षलाई सफल पार्न समन्वय गर्दै बागलुङ जिल्लाका दशवटै स्थानिय तह संग आवस्यक परामर्श एवम समन्वय गरि कार्यक्रमलाई अझै थप प्रभावकारी ढंगले सञ्चालन गरिनेछ ।
- कार्यक्रममा काठेखोला गाउँपालिकाका बिभिन्न वडाहरुबाट आ-आफ्नो स्थानिय संस्कृति झल्किने पञ्चेबाजा, सोरठी, भजन, झाम्रे लगायतका झाँकीहरु प्रदर्शन गरिनेछ ।
- सांगितिक प्रतियोगिता कार्यक्रम अन्तरगत सञ्चालन हुने काठेखोला लोक तारा-२०७६ तिन चरणमा काठेखोला गाउँपालिकाको बिभिन्न स्थानहरुमा सञ्चालन गरिनेछ । भने अध्यक्षकप भलिवल प्रतियोगिता, काठेखोला गजल तारा-२०७६, सोरठी प्रतियियोगिता-२०७६ र विद्यालय

स्तरिय बक्तित्वकला प्रतियोगिता मुख्य कार्यक्रम स्थल काठेखोला-३ धम्जा देउरालीमै एकै चरणमा सञ्चालन गरिनेछ ।

- ❖ अध्यकप भलिवल एवम सांगितिक प्रतियोगिता-२०७६ अन्तरगत सञ्चालन हुने बिबिधि प्रतियोगितात्मक कार्यक्रमहरुलाई स्वच्छ, निश्पक्ष र बिबादरहित ढंगले सञ्चालन गर्नका लागि भलिवल प्रतियोगिताका लागि ६ जना, काठेखोला लोक तारा का लागि ३ जना, काठेखोला गजल तारा का लागि ३ जना, सोरठी प्रतियोगिताका लागि ३ जना र बक्तित्वकला प्रतियोगिताका लागि ३ जना गरि आ-आफ्नो बिधामा अनुभवी एवम स्थापित २१ जना निर्णायकहरुको ब्यवस्था गरिने छ ।
- ❖ काठेखोला गाउँपालिका भित्रका बिभिन्न वार्डहरुमा जन्मेर सांगितिक क्षेत्रमा संघर्षरत एवम राष्ट्रिय स्तरमा चर्चा एवम पहिचान बनाउन सफल यस गाउँपालिका भित्रका एक दर्जन भन्दा बढि कलाकारहरुद्धारा कार्यक्रम अवधिभर सांगितिक प्रस्तुतिको ब्यवस्था मिलाईने छ ।
- ❖ काठेखोला गाउँपालिका भित्र रहेका बिभिन्न क्लव, सांस्कृतिक परिवार लगायतका संघ संस्थाहरु संग छलफल परामर्श गरि यस कार्यक्रमलाई सबै क्लवहरुको साझा कार्यक्रमको रुपमा लिई कार्यक्रमलाई सफल पार्न प्रोत्साहन एवम उत्प्रेरणा प्रदान गरिनेछ ।
- ❖ कार्यक्रमको प्रचार प्रसारलाई ध्यानमा राखी स्थानिय टेलिभिजन, स्थानिय एफ.एम.रेडियो र स्थानिय पत्रिकाहरुलाई कार्यक्रमको आधिकारीक मिडियाको रुपमा लिई पत्रकार महासंघ बागलुङ संग आवस्यक परामर्श र समन्वयका साथ अघि बढिनेछ । भने कार्यक्रमलाई बढि भन्दा बढि जनताको बिचमा पुराउन छुट्टै पर्चा, पोस्टर एवम ब्रुसर समेत छपाईने छ । साथै गाउँपालिकाको प्रत्येक वार्डहरुको मुख्य ठाउँहरु र सार्वजनिक महत्व राख्ने प्रख्यात ठाउँहरुमा १५ दिन अगाडि नै आकर्षक ब्यानर समेत राखी प्रचार प्रसारमा ध्यान पुराईनेछ ।
- ❖ कार्यक्रमको बिशेष समारोह अर्थात मुल समारोहलाई आम जनताको बिचमा पुराउन धौलागिरि टेलिभिजन मार्फत प्रत्यक्ष प्रशारणको ब्यवस्था मिलाईनेछ ।
- ❖ कार्यक्रमको महत्व, ऐतिहासिकता र दस्तावेजलाई ध्यानमा राखी कार्यक्रम अवधिभर हुने बिभिन्न गतिविधिहरुलाई छायाँङ्कन समेतको ब्यवस्था गरिनेछ ।
- ❖ कार्यक्रममा प्रचलित खेलकुद, कला एवम पौराणिक लोकभाकाहरु जस्तै यानिमाया, सालैजो, सोरठी लगायतलाई पनि उत्तिकै महत्व दिई प्रस्तुत गरिनेछ ।
- ❖ कार्यक्रम अवधिभर सहभागीहरुलाई ध्यानमा राखी स्वच्छ पिउने पानीको ब्यवस्था एवम प्राथमिक उपचार कक्ष समेतको ब्यवस्था गरिनेछ ।
- ❖ कार्यक्रम स्थल र सहभागीहरुको सुरक्षाका लागि जिल्ला प्रहरी कार्यालय, बागलुङ, धम्जा बिहुँ प्रहरी चौकी र अक्षत्ते प्रहरी चौकी संग समन्वय गरि ब्यवस्था गरिनेछ । भने कला, संस्कृति तथा खेलकुद विकास समितिले छुट्टै स्वयमसेवकहरु परिचालन समेतको ब्यवस्था गर्नेछ ।
- ❖ कार्यक्रममा आमन्त्रित अतिथि, खेलाडि एवम कलाकारहरुलाई खाना, बस्नको लागि गाउँपालिकाभित्र सञ्चालनमा रहेका स्थानिय होमस्टेहरु संग समन्वय गरि ब्यवस्था गरिनेछ ।

प्रतियोगितात्मक कार्यक्रम सम्बन्धी अन्य जानाकारी ।

### *अध्यक्षकप भलिवल प्रतियोगिता :*

अध्यक्षकप भलिवल प्रतियोगितालाई ब्यवस्थित ढंगले सञ्चालन गर्नका लागि कला संस्कृति तथा खेलकुद विकास समितिका सदस्य बाबुराम भण्डारीको संयोजकत्वमा दिल बहादुर कार्की र बिश्व गौतम रहेको ३ सदस्यीय अध्यक्षकप भलिवल प्रतियोगिता-२०७६ उप समिति गठन गरिएको छ ।

भलिवल प्रतियोगिता प्रचलित नकाउट सिस्टमबाट सञ्चालन गरिने छ ।

प्रतियोगितामा काठेखोला गाउँपालिका भित्रका खेलाडिहरुको बिचमा मात्र सञ्चालन हुनेछ ।

काठेखोला गाउँपालिकाका वडा अध्यक्षको सिफारिसमा प्रत्येक वार्डबाट २ टिम मात्र सहभागी हुन पाईने छ ।

गेम फि निशुल्क गरिने छ ।

खेलाडि संख्या टिम अफिसियल सहित जन्मा ९ जनाको मात्र हुनेछ ।

पुरुस्कारहरु :

प्रथम : रु.१३२०००।-

द्धितिय : रु. ८००००।-

### *काठेखोला लोकतारा-२०७६*

काठेखोला लोक तारा -२०७६ लाई ब्यवस्थित ढंगले सञ्चालन गर्नका लागि कला संस्कृति तथा खेलकुद विकास समितिका सह संयोजक बिक्रम शर्माको संयोजकत्वमा भक्त कुँवर र दिपक थापा रहेको ३ सदस्यीय काठेखोला लोक तारा-२०७६ उप समिति गठन गरिएको छ ।

काठेखोला लोकतारा ३ चरणमा सञ्चालन गरिने छ ।

पहिलो चरण काठेखोला गाउँपालिकाको सभाहल, दोश्रो चरण काठेखोला वडा नं. ६ को सभाहल र अन्तिम चरणको कार्यक्रममा ७ जना प्रतियोगिहरुको प्रतिस्प्रधा कार्यक्रम स्थल धम्जा देउरालीमा सञ्चालन गरिनेछ ।

प्रतियोगी गीत लोकगीत हुनुपर्ने छ ।

प्रतियोगि कलाकारहरुले म्युजिक ट्र्याकको ब्यवस्था भने स्वयम आफैले गर्नुपनेछ ।

पुरुस्कारहरु :

प्रथम : रु. ३००००।-

फस्ट रनरअप : रु.२००००।-

सेकेन्ड रनरअप : रु. १००००।-

सान्तवना : ४ जना रु. २५००।-

### *काठेखोला गजल तारा-२०७६*

ब्यवस्थित ढंगले सञ्चालन गर्नका लागि कला संस्कृति तथा खेलकुद विकास समितिका सदस्य सुकमाया पुनको संयोजकत्वमा गंगा थापा र गणेश नेपाली रहेको ३ सदस्यीय गजलतारा-२०७६ उप समिति गठन गरिएको छ ।

काठेखोला गजल तारा प्रचलित प्रतियोगितात्मक नियमानुसार सञ्चालन गरिने छ ।

गजलको बिषय खुल्ला रहने छ तर अश्लिल, जातिय, धार्मीक, लैङ्गिक रुपमा बिभेद गरिएको गजल प्रतियोगितामा समावेश गराईनेछैन ।

पुरुस्कारहरु :

प्रथम : रु. १००००।-

द्धितिय : रु.७०००।-

तिर्तिय : रु. ५०००।-

## *सोरठी प्रतियोगिता-२०७६*

सोरठी प्रतियोगितालाई ब्यवस्थित ढंगले सञ्चालन गर्नका लागि कला संस्कृति तथा खेलकुद विकास समितिका सदस्य प्रेम श्रीसको संयोजकत्वमा देव श्रीस र खिम छन्त्याल रहेको ३ सदस्यीय सोरठी प्रतियोगिता-२०७६ उप समिति गठन गरिएको छ ।

सोरठी प्रतियोगिता प्रचलित प्रतियोगितात्मक नियमानुसार सञ्चालन गरिने छ ।

सोरठी समुहमा आवद्ध भई गाईने भएकोले समुहमा १५ जना अनिवार्य हुनुपर्नेछ ।

प्रथम : रु. ३००००।-

द्धितिय : रु.२००००।-

तिर्तिय : रु. १००००।-

## *वक्तृत्वकला प्रतियोगिता-२०७६*

वक्तृत्वकला प्रतियोगितालाई ब्यवस्थित ढंगले सञ्चालन गर्नका लागि कला संस्कृति तथा खेलकुद विकास समितिका सदस्य कृष्ण प्रसाद कँडेलको संयोजकत्वमा दिल बहादुर कार्की र दिपक थापा रहेको ३ सदस्यीय बक्तित्वकला प्रतियोगिता-२०७६ उप समिति गठन गरिएको छ ।

बक्तित्वकला प्रतियोगिता प्रचलित प्रतियोगितात्मक नियमानुसार सञ्चालन गरिने छ ।

प्रतियोगितामा कक्षा १० सम्मका विद्यार्थीहरु सहभागी हुन पाउनेछन ।

बक्तित्वकला प्रतियोगिताको शिर्षक काठेखोलाको पर्यटन विकास : सम्भावना र चुनौतिहरु छनौट गरिएको छ ।

पुरुस्कारहरु :

प्रथम : रु. १००००।-

द्धितिय : रु.७०००।-

तिर्तिय : रु. ५०००।-

सबै प्रतियोगितामा प्रतियोगिहरुलाई निशुल्क सहभागीताको ब्यवस्था गरिएको छ ।

काठेखोला गाउँपालिकाका सबै क्षेत्र एवम निकायले अपनत्व लिने गरि कार्यक्रम सञ्चालन एवम भब्य, सभ्य र सार्थक रुपमा सम्पन्न गर्नका लागि काठेखोला गाउँपालिकाका अध्यक्ष श्री अमर बहादुर थापा ज्युको संयोजकत्वमा प्रमुख प्रशासकिय अधिकृत तथा शाखा प्रमुखहरु, गाउँसभा सदस्यहरु, कला संस्कृति तथा खेलकुद विकास समितिका सदस्यहहरु, वडा सचिवहरु, क्याम्पस प्रमुखहरु, सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु, सबै स्वास्थ्य संस्थाका प्रमुखहरु र स्थानिय क्लव, संघ संस्था आमा समुहका अध्यक्षहरु रहेको ३०१ सदस्यीय सदस्यीय मुल आयोजक समिति गठन गरिएको

छ । भने कार्यक्रम संयोजकमा कला संस्कृति तथा खेलकुद विकास समितिका अध्यक्ष तथा कार्यपालिका सदस्य टिका संगम बि.क.लाई जिम्मेबारी दिईएको छ । भने अध्यक्ष अमर बहादुर थापा, खिम बिश्वकर्मा, टिका संगम बि.क., बिक्रम शर्मा र सुर्य भण्डारी रहेको ५ सदस्यीय सचिवालय गठन गरिएको छ ।

साथै काठेखोला गाउँपालिका वडा नं.३ वडा कार्यालय संग आवस्यक परामर्श गरि अन्य प्रतियोगितात्मक कार्यक्रमहरु समेत सञ्चालन गरिने छ ।

कार्यक्रमलाई भव्य एवम सान्दार रुपमा सफल पार्न तपशिल बमोजिम अन्य उपसमितिहरु गठन छ ।

*प्रचार प्रसार उपसमिति :*

संयोजक : सुर्य भण्डारी

सदस्य : प्रत्येक वार्डबाट १५ जना सहित १२१ जना ।

*अतिथि सत्कार उप समिति :*

संयोजक : खिम बहादुर बि.क.

सदस्य : मनोज कार्की

बिक्रम शर्मा

*स्वयमसेवक उप समिति :*

संयोजक : निर्मल थापा

सदस्य : खुम भण्डारी

सदस्य : गिर बहादुर पुन

*मञ्च ब्यवस्थापन उप समिति :*

संयोजक : सुर्य भण्डारी

सदस्य : ओम बहादुर कार्की

सदस्य : इश्वर श्रेष्ठ

अन्तमा काठेखोला गाउँपालिकाद्धारा पहिलो पटक आयोजना गरिएको प्रथम अध्यक्षकप भलिवल एवम सांगितिक प्रतियोगिता-२०७६ लाई भव्य एवम सभ्य रुपमा सफल पार्न यहाँहरुबाट प्रचार प्रसारको क्षेत्रबाट अतुल्यनिय सहयोगका लागि हार्दिक अपिल गर्दछौ ।

धन्यबाद ।

| | | |
|---|---|---|
| अमर थापा | खिम बिश्वकर्मा | टिका संगम बि.क. |
| अध्यक्ष | प्रमुख प्रशासकिय अधिकृत | संयोजक |